भुवानीशंकर बुहुमुखी कलेज

खैरहनी न.पा.-६, चितवन

स्थापना वि.सं.२०५९

वार्षिक प्रतिवेदन (२०८१-८२)

वार्षिक प्रतिवेदन २०८१

भुवानीशंकर बुहुमुखी कलेज

खैरहनी न.पा.-६, चितवन

प्रधान संरक्षक :श्री अमृत मैनाली

(अध्यक्ष, कलेज व्यवस्थापन समिति)

संरक्षक :श्री दीपकप्रसाद गौतम

(कलेज प्रमुख)

प्रतिवेदन तयारी समिति : दिपेन्द्र कुमार चौधरी (निवर्तमान.कलेज प्रमुख)

तेज प्रसाद तिमल्सिना

प्रतिवेदन प्रकाशन समिति : नवराज भट्टराई (सहायक कलेज प्रमुख)

राजु चौधरी

प्रकाशक : भुवानीशंकर बुहुमुखी कलेज

खैरहनी न.पा.-६, चितवन

क्याम्पस सभाबाट पारित मिति २०८१-०७-२२

सम्पर्क फोन नं. :०५६-५८२५४५, ०५६-५८२०४६

भुवानीशंकर बहुमुखी कलेज
वार्षिक प्रतिवेदन २०८१

१) कलेज स्थापनाको पृष्ठभूमि :

मानव सभ्यताको विकासको क्रममा विभिन्न चरणमा शिक्षाको योगदानले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको तथ्य हाम्रो सामु स्पष्ट नै छ । गुरूकुलीय शिक्षाबाट प्रारम्भ भएको नेपालको शैक्षिक विकास वर्तमानमा अन्तर्राष्ट्रियकरण र विश्वव्यापीकरणको युगमा प्रवेश गरिसकेको छ तापनि गरिबी, पछौटेपन एवम् विभिन्न अस्तव्यस्तताले गर्दा हालसम्म पनि नेपालको शैक्षिक प्रणाली अपेक्षाकृत रुपमा व्यावहारिक, व्यावसायिक वैज्ञानिक, प्रविधियुक्त र आधुनिक बन्न सकेको छैन । समुन्नत राष्ट्रनिर्माणका लागि दक्ष जनशक्ति नै मुख्य आधार रहेको सन्दर्भमा शिक्षाजस्तो अत्यावश्यक कुरालाई सर्वसाधारणको पहुँचभित्र राख्दै गुणस्तरीय शिक्षा प्रदान गर्नु आजको टड्कारो आवश्यकता रहेको महसुस हुनु जरुरी छ ।

प्रविधिको द्रुततर विकासले प्रभावकारी उत्पादन तथा वितरण प्रणाली विकास भएको र यसले गर्दा विश्वव्यापीकरण हावी भएको पृष्ठभूमि एवं सूचना प्रविधिको अकल्पनीय विकासले विश्वलाई सूचना तथा प्रविधिकेन्द्रमा परिणत गरेको वर्तमान अवस्थामा मुलुकको सर्वाङ्गीण विकासको मोडेल कस्तो हुने र त्यसका लागि आवश्यक पर्ने उच्च जनशक्ति कस्तो र कसरी उत्पादन गर्ने भन्ने कुरा हामी सबैका लागि चुनौतीको विषय बनेको छ । वर्तमान २१ औँ शताब्दीको सूचनाप्रविधिको युग एवं विश्वपरिवेशमा राष्ट्रको शैक्षिक आवश्यकता एवं उच्चशिक्षा तर्फको वढ्दो आवश्यकतालाई दृष्टिगत गरी चितवन जिल्लाअन्तर्गत खैरहनी नगरपालिकामा बढ्दो जनसङ्ख्या एवं यस क्षेत्रमा बढ्दै गएको बसाइसराइको चापलाई समेत समेट्ने गरी प्रतिस्पर्धामा खरो रुपमा उत्रन सक्ने, स्वावलम्बी, सक्षम एवं चरित्रवान् दक्ष जनशक्ति तयार पार्ने शैक्षिक संस्थाको आवश्यकता महसुस भइरहेको अवस्थामा यस क्षेत्रका शिक्षाप्रेमी,बुद्धिजीवी, आम अभिभावक तथा विद्यार्थीहरुको सिर्जनशील सल्लाह सुझाव एवं चाहनालाई उच्च महत्त्व दिंदै विशुद्ध सार्वजनिक साझा शैक्षिक संस्थाको रुपमा वि.सं.२०५९ सालमा ०+२ को अवधारणाअनुरुप खैरहनी बहुमुखी कलेजको स्थापना भएको हो । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिएर माथिल्ला कक्षाहरु सञ्चालन गर्ने र यस संस्थालाई क्रमशःविकसित, विस्तारित र सुविधासम्पन्न बनाउँदै लैजाने सन्दर्भमा आवश्यक स्रोतसाधन जुटाउनका लागि वि.सं. २०६० सालमा श्रीमद्भागवत सप्ताह तथा धनधान्याचल महायज्ञ सञ्चालन गरिएको थियो । उक्त महायज्ञमा यस क्षेत्रका समाजसेवी, शिक्षाप्रेमी, दानवीर महानुभावहरुले उदार हृदयले गरेको सहयोगले नै भुवानीशंकर बहुमुखी कलेजको छुट्टै भवन निर्माण भएको हो । यो भवन निर्माण हुनुभन्दा पूर्व खैरहनी मा.वि.मा +२ को मात्र कक्षासञ्चालन हुँदै आएको थियो । वि.सं.२०६० सालपछि आफ्नै भवन निर्माण गरी त्रि.वि.बाट सम्बन्धन

लिई स्नातक तहमा बि.बि.एस. र बि.एड. एवं स्नातकोत्तर तहमा एम.बि.एस.र एम.एड..(नेपाली र अंग्रेजी) का कक्षाहरु सञ्चालन हुँदै आएका छन् । आगामी दिनहरुमा प्राविधिक शिक्षाअन्तर्गतका अन्य कक्षाहरु र स्नातक तहमा BBA, BBM, BSW, BA. BHM, B.Ed. ICTE का कक्षाहरु सञ्चालन गर्ने योजना रहेको छ । कलेजले विश्वविद्यालय अनुदान आयोगको मापदण्ड पूरा गरी २०७९/०३/१२ गते QAA प्रमाणपत्र प्राप्त गरेको छ र भविष्यमा अझ गुणस्तरीय शिक्षा प्रदान गर्न प्रतिबद्ध रहेको छ ।

२) कलेजको नामकरण :

२०६० साल पौषमा वाचनशिरोमणि पं. नारायणप्रसाद पोखेलको वाचकत्वमा सञ्चालित श्रीमदभागवत सप्ताह तथा धनधान्याचल महायज्ञमा उदारहृदयले कलेजलाई सर्वाधिक दान दिनुहुने साविक खैरहनी नगरपालिका ६ निवासी दानवीर आदरणीय बुबा भुवानीप्रसाद निरौलाको नामबाट यस कलेजको नामकरण गरिएको हो ।

३) **कलेजको उद्देश्य :**

देशमा लोकतान्त्रिक लहर आएपछि शैक्षिक क्षेत्रमा उल्लेख्य विकास भएको छ । ठाउँठाउँमा आवश्यकतानुरुप शिक्षण संस्थाहरु खोलिएका छन् । सरकारले उच्च शिक्षा अध्ययनका लागि कलेजहरू स्थापना गर्न सकिरहेको छैन । निजी कलेजहरु नाफामुखी बन्दै गएका छन् । यस परिप्रेक्ष्यमा शिक्षाको पारिलो घामबाट वञ्चित खैरहनी नगरपालिका र यस वरिपरिका विद्यार्थीहरुलाई स्थानीय तहमै गुणस्तरीय र सर्वसुलभ शिक्षा दिने उद्देश्यले भुवानीशंकर बहुमुखी कलेजको स्थापना भएको हो । शिक्षा नै देशविकासको मूल मियो हो । त्यसैले यस क्षेत्रमा शिक्षाको चौतर्फी ज्योति बाल्नु, शान्त र अनुशासित वातावरणमा युगानुकूल दक्ष, कर्मठ, इमानदार र लगनशील जनशक्ति उत्पादन गर्नु, विद्यार्थीहरुको बहुमुखी प्रतिभा र व्यक्तित्वको विकास गराउनु, अभिभावक एवम् विद्यार्थीहरुको चाहना र आवश्यकतानुरुप विभिन्न शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्नु ,कम्प्युटर सम्बन्धी तालिम प्रदान गर्नु व्यवस्थापन संकायका विद्यार्थीहरुलाई लेखा राख्न र लेखा परीक्षण गर्न प्रयोगात्मक रुपमा सिकाउनु, सचेत, सजग र आत्मनिर्भर नागरिक उत्पादन गरी देशविकासमा सहयोग पु-याउनु आदि उद्देश्य परिपूर्तिका लागि नै भुवानीशंकर बहुमुखी कलेजको स्थापना भएको हो । आगामी दिनहरुमा का कक्षाहरु सञ्चालन गर्ने कलेजको योजना रहेको छ ।

४) **कलेजका प्रमुख विशेषताहरु :–**

भुवानीशंकर बहुमुखी कलेज छोटो समयमै गौरवमय इतिहास कायम गर्न सफल शैक्षिक संस्था हो । यो स्थानीय समाजसेवी, बुद्धिजीवी, चन्दादाता र अभिभावकहरुको संयुक्त प्रयासमा सञ्चालन हुँदै आएको छ । विषयगत दक्षता हासिल गरेका अनुभवी युवा प्राध्यापकहरु पठनपाठन कार्यमा संलग्न हुनु, अनुशासनलाई विशेष महत्त्व दिनु,

विद्यार्थीमा अन्तर्निहित प्रतिभा प्रस्फुटनका लागि अतिरिक्त क्रियाकलापमा जोड दिनु, यस क्षेत्रका अन्य सामुदायिक कलेजका सापेक्षतामा उत्कृष्ट नतिजा ल्याउन सफल हुनु,त्रैमासिक रुपमा लिइने आन्तरिक परीक्षामा प्रथम ,द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीहरुलाई नगद तथा प्रोत्साहन पुरस्कारको व्यवस्था गर्नु आदि यस कलेजका विशेषता हुन् । यस कलेजका विशेषतालाई निम्नलिखित बुँदाहरुमा उल्लेख गर्न चाहन्छु :

– न्यून शुल्क र शान्त वातावरणमा गुणस्तरीय पठनपाठन ।
– पुस्तकालयमा अध्ययन सामग्रीको पर्याप्त व्यवस्थापन ।
– नियमित मूल्याङ्कन र निरन्तर पृष्ठपोषण ।
– नेपाली तथा अंग्रेजी माध्यममा कक्षा सञ्चालन ।
– गरिब, असहाय र जेहेन्दार छात्रछात्राका लागि छात्रवृत्तिको व्यवस्था ।
– खेलमैदान र पर्याप्त खेलकुद सामग्रीको राम्रो व्यवस्था ।
– हरेक वर्ष उत्कृष्ट नतिजा हासिल गर्न सफल ।
– UGC नेपालबाट QAA प्रमाणपत्र प्राप्त गर्न सफल ।

५. कलेजको शैक्षिक अवस्था :

(क) शैक्षिक प्रगति

सर्वसुलभ शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले स्थापित यस कलेजले शैक्षिक क्रियाकलाप प्रभावकारी बनाउनका लागि प्राध्यापक तथा कर्मचारीहरु मध्येबाट बिभिन्न उपसमितिहरु गठन गरी कार्य सम्पादन गर्दै आएको छ । तीमध्ये प्रमुख केही उपसमितिहरु निम्नानुसार छन् :

शैक्षिक समिति (Academic Committee)

गुणस्तर अनुगमन तथा जाँच समिति (Quality monitoring and checks committee)

सार्वजनिक सूचना समिति (Public Information committe)

परामर्श सेवा समिति - (consultancy service unit)

विभागहरु - (Departments)

आन्तरिक परीक्षा समिति - (Internal Examination Committe)

अतिरिक्त क्रियाकलाप बिभाग - (Extra curricular Activities Department)

पुस्तकालय व्यवस्थापन समिति - (Library Management Committe)

प्रकाशन समिति - (Publication Committe)

अनुशासन समिति- (Discipline Management Committe)

स्वास्थ्य सेवा विभाग - (Health Service Department)

रोजगारी समिति - (Employment Cell)

अनुसन्धान विभाग - (Research Department)

SAT, RMC, EMIS आदि

ख) विद्यार्थी भर्ना विश्लेषण (Student Enrollment Trend Analysis)

Student Enrollment Trend Analysis								
class/level		11	12	BBS	BED	MBS	M.ED.	Total
Academic year								
2078/079	Male			50	19	1	-	
	Female			75	42	8	7	
	EDJ			12	37	4	4	
	Total	262	216	125	61	9	7	680
2079/080	Male			96	23	17	2	
	Female			167	79	39	25	
	EDJ			124	40	20	12	
	Total	151	231	263	102	56	27	830
2080/81	Male			88	26	12	2	
	Female			142	103	30	14	
	EDJ			108	51	25	10	
	Total	68	151	230	129	42	16	636

ग) विद्यार्थी उत्तीर्ण दर विश्लेषण (PASS RATE ANALYSIS)

Class/ Level		11	12	BBS	B.ED.	MBS	M.ED.
Academic Year							
2077/78	**Male**			2			
	Female			7	2	3	
	EDJ			5	2		
	Total			9	2	3	
2078/79	**Male**			3	1	2	1
	Female			10	1	3	0
	EDJ			6	0	0	0
	Total			13	2	5	1
2079/80	**Male**			13	1	2	1
	Female			19	3	4	0
	EDJ			9	0	0	0
	Total			32	4	6	1

घ) तह उत्तीर्ण दर विश्लेषण **(Graduate Trend Analysis)**

class/level		11	12	BBS				B ED				MBS				M. Ed.			
Academic year				1	2	3	4	1	2	3	4	1	2	3	4	1	2	3	4
2077/078	**Male**			-	-	-	4	-	-	-	1	-	-						
	Female			-	-	-	8	-	-	-	16	-	2						
	EDJ			-	-	-	-	-	-	-		-	-						
	Total			-	-	-	12	-	-	-	17	-	2						
2078/079	**Male**			2	3	-	8	-	3	-	1		-	2	2			1	1
	Female			5	5	-	10	5	3	-	2	3	2	6	7	1	1	1	5
	EDJ			2	4	-	7	2	2	-	-	2	2	1	2	1	1	1	3
	Total			7	8	-	18	5	6	-	3	3	2	8	9	1	1	2	6
2079/080	**Male**			3	4	6	7	0	2	1	0	6	6	0	0	0			
	Female			5	7	17	11	3	14	8	3	2	2	4	4	1			
	EDJ			1	3	6	8	0	5	3	1	3	3	3	3	1			
	Total			8	11	23	18	3	16	9	3	8	8	4	4	1			

६. कलेजमा सञ्चालित कार्यक्रम (Running Programme in College)

यस कलेजमा ०+२, स्नातक तह, स्नातकोत्तर तह सम्मका विभिन्न संकाय तथा विषयहरु सञ्चालन भइरहेका छन् +२ तर्फ व्यवस्थापन, मानविकी र शिक्षाशास्त्रका विषयहरु, स्नातक तर्फ व्यवस्थापन र शिक्षाशास्त्र तथा स्नातकोत्तरतर्फ व्यवस्थापन र शिक्षाशास्त्र संकायका कक्षाहरु बिहानी समयमा सञ्चालन भइरहेका छन् ।

कलेजमा सञ्चालित कार्यक्रम तथा प्रमुख बिषयहरु यस प्रकार छन् :

व्यवस्थापन :- ***स्नातक तह (बी.बी. एस.)*** :- लेखाशास्त्र

वित्तशास्त्र

बजारशास्त्र

स्नातकोत्तर (एम.बी. एस.) वित्तशास्त्र

शिक्षाशास्त्र :- स्नातक तह (बी.एड.) :- नेपाली, अंग्रेजी, गणित

जनसंख्या र स्वास्थ्य

स्नातकोत्तर (एम. एड.) :- ***नेपाली, अंग्रेजी***

+२ तर्फ :- व्यवस्थापन , शिक्षाशास्त्र र मानविकी सङ्कायका विषयहरु

७. शिक्षण विधि (Educational Pedagogy)

शिक्षणविधि अन्तर्गत सामान्यतया व्याख्यात्मक (Lecture) शिक्षण बिधिको प्रयोग गर्ने गरिएता पनि शिक्षण सिकाइ क्रियाकलापलाई अझ बढी प्रभावकारी र विद्यार्थीमुखी शिक्षणविधि अन्तर्गत Group Discussion, Field visit and Presentation र Case Study विधिको प्रयोग गर्नुका साथै शिक्षण सिकाइ क्रियाकलापमा प्राध्यापकहरुलाई Smart Board र Multi Media Projector प्रयोग गरी अनलाइन कक्षाको पनि प्रयोग गर्न प्रोत्साहन गरिएको छ ।

८. प्राध्यापक तथा कर्मचारीहरुको दरबन्दी विवरण :-

तालिका नं. २

क्र.सं.	पद	स्थायी	अस्थायी	पूर्णकालीन करार	आंशिक करार	जम्मा
१	सह. प्राध्यापक	१	-	-	-	१
२	उप. प्राध्यापक	४	-	०	१	५
३	सहा. प्राध्यापक	१३	१	१	११	२६
४	प्रशिक्षक	१	-			१
	जम्मा	१९	१	१	१२	३३

क्र.सं.	पद	स्थायी	अस्थायी	करार	आंशिक	जम्मा
१	लेखा अधिकृत	–	–	१	–	१
२	पुस्तकालय सहायक	१	–	–	–	१
३.	प्राविधिक सहायक	–	–	१	–	१
४	कार्यालय सहयोगी	२	१	–	१ (सरसफाई)	४
	जम्मा	३	१	२	१	७

हाल यस कलेजमा ३३ प्राध्यापकहरुले प्राध्यापन गरिरहनु भएको छ भने ७ जना कर्मचारीहरु सेवारत हुनुहुन्छ । यस कलेजमा १९ जना स्थायी प्राध्यापकहरु र ३ जना कर्मचारीहरु स्थायी रुपमा कार्यरत छन् । प्राध्यापकहरुको वृत्तिविकासका लागि आवश्यकतानुसार तालिम, गोष्ठी, सेमिनार अनुसन्धान आदिमा सहभागी गराइएको छ ।

९. ***छात्रवृत्ति तथा पुरस्कार :***

- गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई विशेष छात्रवृत्तिको व्यवस्था गरिएको छ ।
- प्रत्येक सङ्कायमा भर्ना भएका विद्यार्थीहरुमध्ये अघिल्लो तहमा उच्चतम् अङ्क ल्याउने १ जना विद्यार्थीहरुलाई सम्पूर्ण शुल्कमा छात्रवृत्तिको व्यवस्था गरिएको छ ।
- अघिल्लो तहमा प्राप्त गरेको अङ्कका आधारमा मासिक शुल्कमा विशेष छात्रवृत्तिको व्यवस्था गरिएको छ
- कक्षा प्रथम र तह प्रथम हुने विद्यार्थीलाई विशेष छात्रवृत्तिको व्यवस्था गरिएको छ ।
- स्नातक तह प्रथम वर्षमा अध्ययन गर्ने खैरहनी नगर क्षेत्रमा स्थायी बसोबास भएका थारु, दलित, जनजाति आदिवासी र विपन्न वर्गका छात्राहरुलाई वर्षभरि लाग्ने शुल्कमा खैरहनी नगरपालिकाद्धारा ९०% र कलेजबाट १० % गरी १००% अर्थात् सम्पूर्ण शुल्क छात्रवृत्तिको रुपमा प्रदान गर्ने व्यवस्था गरिएको छ ।
- कलेजमा निम्नलिखित आ.व.मा तपसिल बमोजिमको रकम छात्रवृत्तिस्वरुप प्रदान गरिएको छ ।

  आर्थिक वर्ष २०७२/७३ :- ८,५०,०००।-

  आर्थिक वर्ष २०७३/७४ :- १०,००,०००।-

  आर्थिक वर्ष २०७४/७५ :- १०,००,०००।-

  आर्थिक वर्ष २०७५/७६ :- १०,००,०००।-

  आर्थिक वर्ष २०७६/७७ :- १२,००,०००।-

  आर्थिक वर्ष २०७७/७८ :- १२,००,०००।-

  आर्थिक वर्ष २०७८/७९ :- १२,००,०००।-

  आर्थिक वर्ष २०७९/८० :- ११,८४,८४०।-

  आर्थिक वर्ष २०८०/८१ :- १२,२४,८२२।-

१० कलेजको भौतिक अवस्था :

क) भौतिक संरचना विकास **(Infrastructure Development)**

हाल कलेजमा ४ वटा भवन छन् । मुख्य भवनमा ४५ वटा कक्षा कोठा छन् । तीमध्ये ३० वटा कोठामा कक्षा सञ्चालन भइरहेको छ र अन्य कोठाहरू प्रशासनिक कामकाज र शैक्षिक गतिविधि सञ्चालनार्थ छुट्याइएको छ । दोस्रो तलाको बीच भागमा सुविधासम्पन्न शौचालय छ । कलेजको मुख्य भवनको दोस्रो तलाको दक्षिणी भाग र बीच भागको निर्माणको लागि विश्वविद्यालय अनुदान आयोगले दुईपटक गरी ३२, लाख पचास हजार रकम प्रदान गरेको थियो र सो रकमबाट निर्माण कार्य सम्पन्न भएको कुरा अवगत गराउन चाहन्छु । शैक्षिक सत्र २०७२/०७३ मा विश्वविद्यालय अनुदान आयोगबाट उपकरण खरिदका लागि रु.१०,००,००० प्राप्त भएको र उक्त रकमबाट उपकरणहरू खरिद गरी प्रयोग गरिएको छ । विश्वविद्यालय अनुदान आयोगद्वारा उच्च शिक्षा सुधार परियोजना अन्तर्गत शैक्षिक सत्र ०७४/०७५ मा कलेजको मूल गेटदेखि मूल भवनसम्म मोज्याक टायल बिछ्याउने कार्य सम्पन्न भएको अवगत गराउँदै UGC लाई विशेष धन्यवाद दिन चाहन्छु । सोही परियोजनाअन्तर्गत शै. स. ०७६/०७७ मा कलेजको मूल भवनमा ट्रस लगाउने, पुस्तकालयमा फर्निचर तथा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) को लागि सफ्टवेयर जडान गर्ने कार्य सम्पन्न भइसकेको छ । आ.व. २०७१/७२ मा प्रदेश सरकारबाट प्राप्त १५,००,०००/-, खैरहनी नगरपालिकाबाट प्राप्त १०,००,०००/- रकमबाट कलेजको मूलभवनमा ट्रस लगाएको र उक्त ट्रस लगाएको भागमा UGC को उच्च शिक्षा सुधार परियोजना (HERP) बाट प्राप्त रकमबाट ट्रस लगाएको भागमा कक्षा कोठा निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आइसकेको कुरा अवगत गराउन चाहन्छु । आ.व. २०७७/७८ मा बागमती प्रदेश सरकारबाट प्राप्त २५,००,०००। खर्च गरी कलेजको वरन्डा र भऱ्याङमा मार्बल लगाउने कार्य सम्पन्न भएको छ । कलेजको दोस्रो तलाको दक्षिणी भागमा १०० जना विद्यार्थीलाई राखेर विभिन्न कार्यक्रम गर्न सकिने स्मार्ट बोर्डसहित सभाकक्ष निर्माण गरिएको छ । उक्त सभाकक्ष निर्माण भएपश्चात अतिरिक्त क्रियाकलाप, गोष्ठी, तालिम सञ्चालन गर्न निकै सहज भएको छ ।

शैक्षिक सत्र २०७५/०७६ सम्म टिनका टहराहरूमा चमेना गृह सञ्चालन हुँदै आएको थियो तर अहिले चमेना गृह स्थानान्तरण गरी ती, टहराका कोठालाई गोदामका रुपमा प्रयोग गरिएको छ । नेपाल रिलिफ एशोसियसन अफ जर्मनीको को अपरेटिभ युथ अर्गनाइजेसन नेपालबाट प्राप्त सत्र लाख र आफ्नै स्रोतबाट निर्माण गरिएको पुस्तकालय भवन साँघुरो र सानो भएकाले उक्त स्थानबाट पुस्तकालयलाई मुख्य भवनको तेस्रो तलाको दक्षिणी भागका ३ कोठा बराबरको खुला स्थानमा स्थानान्तरण गरेर पुस्तकालयलाई सुविधा सम्पन्न र समृद्ध बनाइएको छ । सांसद विकास कोषबाट प्राप्त १०,००,०००/ रुपैयाँमा पुस्तकालयलाई फर्निसिङ गरिएको छ र IQAC मा पर्याप्त फर्निचर र आवश्यक उपकरणको व्यवस्था गरिएको छ । हाल पुस्तकालयमा ८३४७- सङ्ख्यामा पुस्तकहरू उपलब्ध छन् ।

विद्यार्थी सङ्ख्याको अनुपातमा प्रयाप्त पाठ्यपुस्तक, पर्याप्त सन्दर्भ सामग्री र विज्ञसमीक्षित अनुसन्धानमूलक जर्नलहरु उपलब्ध छन् ।

पुरानो पुस्तकालय भवनमा चमेना गृह, लेखा शाखा, परीक्षा शाखा र कम्प्युटर ल्याब सञ्चालन गरिएको छ । कम्प्युटर ल्याबमा ३४ वटा कम्प्युटरहरू छन् । तेस्रो तलामा १० वटा कम्प्युटर सहित द्रुतगतिको इन्टरनेट जडान गरी Research Lab र सुविधासम्पन RMC कक्ष बनाइएको छ । यसबाट विद्यार्थीलाई आफ्नो ज्ञानको क्षेत्र बढाउन र अध्ययन अनुसन्धान गर्न सहज हुने विश्वास गरिएको छ । कलेज हाताभित्र साइकल, मोटर साइकल स्ट्यान्ड, व्याडमिन्टन कोट, क्रिकेट अभ्यास कोट, भलिबल कोट; टेबल टेनिस बोर्ड आदिको आवश्यक व्यवस्था गरिएको छ ।

विभिन्न संघ संस्थाहरूबाट स्रोतसाधन जुटाई निर्मित कक्षा कोठाहरुमा आवश्यक फर्निचर उपकरण जडानका लागि खै.न.पा बाट आ.व. ०७१/०७२ मा ३ लाख, आ.व. ०७३/०७४ मा ३ लाख ०७५/०७६ मा १० लाख गरी हालसम्म १६ लाख प्राप्त भएकोले खै.न.पा.लाई हार्दिक धन्यवाद दिन चाहन्छु । (रोटरी क्लब अफ ओरेन्ज डे ब्रेक (Rotary Club of Orange Day break) बाट पटकपटक गरी १२ वटा ल्यापटप एउटा फोटोकपी मेसिन, एउटा साउन्ड सिस्टम, ब्लुटुथ, डिभाइस तथा स्टेशनरी सामान र छात्रवृत्ति रकम सहयोगस्वरूप रु. ७२,०००/-प्रदान गरेकोमा उक्त संस्थालाई हार्दिक धन्यवाद दिन चाहन्छु ।)

विगत ५ वर्षदेखि MBS तथा गत ४ वर्षदेखि M.ED कक्षा सञ्चालन भएको र सहज कक्षा सञ्चालनका लागि आवश्यक पर्ने उपकरणहरू खै.न.पा. बाट ५ थान प्रोजेक्टर सहयोग स्वरूप प्राप्त भएको तथा २०७७/०७८ को उच्च शिक्षा सुधार परियोजनाअन्तर्गत प्राप्त रकमबाट कम्प्युटर र प्रोजेक्टर एवं CCTV Camera जडान गरी शैक्षिक गतिविधिलाई प्रविधि मैत्री बनाउने प्रयास गरिएको छ । ०७९/०८० मा खैरहनी नगरपालिकाबाट प्राप्त १३,४३,६५८ रकममा व्यावसायिक २ कोठे चमेना भवन निर्माण गरिएको छ । कोभिड १९ को कारणले भएको बन्दाबन्दीले विद्यार्थीहरू भौतिक रुपमा कक्षाकोठामा उपस्थित भई पठनपाठनमा सहभागी हुननसकेको अवस्थामा अनलाइन कक्षाहरु सञ्चालनका लागि आवश्यक पर्ने Smart Board र High Speed Internet को लागि Corporate Internet को व्यवस्था गरी पठनपाठनलाई निरन्तरता दिइएको सम्मानित सभालाई अवगत गराउन चाहन्छु ।

यस कलेजलाई अतिरिक्त क्रियाकलापको संरचना विकास तथा खेलकुद सामग्री खरिदका लागि आ.व. २०७९/०८० मा UGC बाट विनियोजित रकम रु. १२,००,००० मध्ये रु ९,००,००० को बास्केटबल, भलिबल र टेबलटेनिसको संरचना निर्माण गरियो भने रु. ३,००,००० को खेलकुद सामग्री खरिद गरिएको हुनाले कलेज अतिरिक्त क्रियाकलापको क्षेत्रमा निकै सवल भएको र विद्यार्थीहरुको लाभान्वित भएका छन् त्यसै गरी बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालयबाट आ.व. २०८०/८१ मा विनियोजित बजेट रु

१०,००,००० मध्ये रु. २,७५,६४० रुपैयाँ फर्निचर खरिद तथा रु. ७,५५,२५८ को शैक्षिक उपकरण खरिद गरिएकाले पठनपाठनमा निकै सहयोग पुगेको छ । खैनपा ६ नं. वडा कार्यालयबाट विनियोजित बजेट रु. १,४३,१५९ बाट पुस्तक खरिद गरिएकाले पुस्तकालयमा पुस्तकसंख्या वृद्धि भएको छ र विद्यार्थीहरु लाभान्वित भएका छन् ।

खैरहनी नगरपालिकाबाट पर्खाल निर्माण तथा फलामका तारजाली निर्माणर्थ रु ७,४६,९५६ प्राप्त भएको र सो रकमबाट पर्खाल निर्माण तथा फलामको तारजाली निर्माण गर्ने कार्य सम्पन्न भएको छ । यसरी कलेजलाई वाह्य एवम् आन्तरिक रुपमा सबल बनाउन सहयोग गर्ने UGC, वागमती प्रदेश सरकार, खैरहनी नगरपालिका र ६ नं. वडा कार्यालयलाई धन्यवाद दिन चाहन्छु ।

ख. शैक्षिक अनुदान (Educational Aid)

शैक्षिक अनुदानतर्फको मुख्य स्रोत विश्वविद्यालय अनुदान आयोग नै हो । सो बाहेकका नगरपालिका, विभिन्न गैरसरकारी संस्थाहरुबाट प्रदान गरिने अनुदान पनि आम्दानीका स्रोतहरु हुन् । कलेजले विभिन्न निकायहरुबाट प्राप्त गरेको विगत तीन वर्षको शैक्षिक अनुदान रकमको विवरण निम्नानुसार रहेको छ :

Academic year	Equipment	Books	Furniture	Seminar	Physical structure	Total
२०७७/२०७८		१,५०,०००			२४,५५,०९३	२६,०२,५९३
२०७८/०७९		१,००,०००		२,५०,०००		३,५०,०००
२०७९/०८०		९५,३६१			१३,४३,६५८	१४,३९,०१९
२०८०/०८१	८,०४,२७४/९	१,४३,१५९	२,५७,६४०		१५,५८,१०३।९९	

११) वित्तीय प्रगतिः (Financial Progress)

क) वित्तीय श्रोत विश्लेषण (Analysis of Financial Resource)

सामुदायिक कलेजहरुको मुख्य आम्दानीको स्रोत विद्यार्थीहरुबाट लिइने शुल्क नै हो । भौतिक निर्माण तथा विस्तारका लागि विश्वविद्यालय अनुदान आयोग तथा विभिन्न सरकारी र गैरसरकारी निकायहरुबाट प्राप्त हुने अनुदान तथा नगरपालिकाबाट प्राप्त हुने आम्दानी नै मुख्य आम्दानीका स्रोतहरु हुन । कलेजको लेखा परीक्षण प्रतिवेदनअनुसार विगत तीन वर्षको कुल आयको विवरण यस प्रकार छ :

आम्दानी विवरण (Revenue Analysis)

ANALYSIS OF Financial Resource					
	self generated resource		Grant from others		Total
fiscal year	Student`s fee	others	UGC	others	
2076/077	1,68,90,877	51,99,122.56	24,22,866.67	70,84,340	3,15,97,206.23
2078/079	2,56,60,271	43,60,596	25,34,978	18,25,618	3,43,81,526
2079/080	2,13,24,780	66,805	48,00,000	14,39,019	2,76,30,604
2080/81	2,04,64,899	13,00,921.26	27,40,300	24,01,343	2,69,07,463.26

ख) खर्च विश्लेषण (Analysis of Expenditure)

कलेजको लेखा परीक्षण प्रतिवेदन अनुसार विगत तीन वर्षमा भएका सञ्चालन तथा पुँजीगत खर्चको विवरण यस प्रकार छ :

Analysis of Expenditure							
Fiscal Year	Revenue Expenditure		Capital Expenditure				
	Salary	Other	Maj.inf.devnt	Min.inf. devent	Equipment	Books	Total
2076/077	1,70,91,885	58,09,564	99,93,871	1,95,631	14,66,813	2,28,620	3,47,86,384
2078/079	1,94,68,940	17,05,071	12,32,924			5,21,419	2,29,28,354
2079/080	2,17,61,335	90,95,573	14,26,297			1,24,025	3,24,07,230
2080/81	2,60,92,924	66,13,116.30	18,15,743.99		8,04,274.90	2,03,774	3,55,29,833.19

१२. कलेजका सवल पक्षहरु :

- शान्त तथा मनोरम वातावरण,
- खैरहनी नगरपालिका र यस वरिपरिका क्षेत्रका विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु,
- स्पष्ट निर्धारित सङ्गठनात्मक संरचना,
- भूकम्प प्रतिरोधात्मक सुविधा सम्पन्न भवन र पर्याप्त भौतिक संरचनाको उपलब्धता ।
- अल्पसङ्ख्यक र सीमान्तकृत समुदायको पहुँच र तिनीहरुलाई छात्रवृत्तिको सुविधा ,
- दक्ष तथा सेवामा समर्पित प्राध्यापक तथा कर्मचारीहरु,
- समुदायसँग सुमधुर सम्बन्ध,
- व्यवस्थित पुस्तकालय तथा कम्प्युटर ल्याव,
- विशेषतः आफ्नै नीति नियमद्वारा सञ्चालित,
- UGC नेपालबाट QAA प्रमाणपत्र प्राप्त गर्नु,

- प्राध्यापकलाई योग्यतावृद्धिका लागि एम.फिल गर्न अध्ययन बिदामा पठाउनु ।
- Internship का लागि विभिन्न बैंक तथा वित्तीय संस्था एवम् उद्योग वाणिज्य संघ खैरहनीसँग MOU गरिएको ।

१३. कलेजले सुधार गर्नुपर्ने पक्षहरु :

- पर्याप्त वित्तीय सहयोगको खोजी गर्नुपर्ने ,
- उच्च विद्यार्थी ड्रपआउट अनुपात घटाउनुपर्ने ,
- प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिनुपर्ने,
- विद्यार्थीहरुलाई आकर्षण गरी उच्च शिक्षा सम्पन्न गराउनुपर्ने ।
- Collaborative Research मा ध्यान दिनुपर्ने ।

१४. कलेजका अवसरहरु :

- समुदायको माग अनुसारका कार्यक्रम तथा विषयहरु सञ्चालन गर्न सकिने ,
- सूचना र प्रविधिद्वारा अध्यापन गराउन सकिने ,
- कलेजलाई गुणस्तरीय शैक्षिक केन्द्रका रुपमा विकास गर्न सकिने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दाता तथा दातृनिकायसँग समन्वय गर्न सकिने ,
- फिडर विद्यालयहरुको सङ्ख्या बढ्दै जानु ,
- कलेज नेपालकै मध्यभाग चितवनमा हुनु ,
- विद्यार्थीहरु न्यून भएकाले कलेजलाई दीर्घकालीन रुपमा बाचईराख्न कठिनाई सिर्जना हुनु ।

१५. कलेजका चुनौतीहरु

- कलेजको मुख्य आर्थिक स्रोत विद्यार्थी शुल्क नै हुनु ,
- सरकार परिवर्तनका साथसाथै नीतिनियममा पनि परिवर्तन भइरहनु ,
- शिक्षालाई आम्दानीको स्रोतको रुपमा मात्र लिइनु ,
- शैक्षिक संस्थाहरुका विचमा अस्वस्थ प्रतिस्पर्धा हुनु ,
- सामुदायिक कलेजका लागि उचित सहयोगको अभाव हुनु ,
- उत्तीर्ण विद्यार्थीहरुका लागि उपयुक्त रोजगारीको अवसर नमिल्नु ,
- कलेज सञ्चालनमा राजनैतिक हस्तक्षेप तीव्र हुनु ,

- विद्यार्थीको उच्च ड्रप आउट प्रतिशत घटाउन नसक्नु ,
- शिक्षामा भइरहेको तीव्र निजीकरण ,
- कतिपय सङ्कायका विषयहरुमा आकर्षण कम हुनु ,
- प्राध्यापक तथा कर्मचारीहरुलाई अपेक्षित रुपमा अनुसन्धानको कार्यमा सरिक गराउन नसक्नु,
- प्रत्येक आर्थिक वर्षमा सरकारले वृद्धि गरेको तवल भत्तालाई समायोजन गरी भुक्तानी गर्न नसक्नु,
- प्राध्यापकहरुलाई पेसागत वृत्ति विकासमा पर्याप्त अवसर प्रदान गर्न नसक्नु ,
- त्रि.वि.ले विद्यार्थीहरुको रुचि अनुसारको विषय अध्यापनका लागि स्वीकृत प्रदान नगर्नु,
- विद्यार्थीहरु विदेश पलायन भई न्यून भएकाले कलेजलाई दीर्घकालीन रुपमा बचाइराख्न कठिनाइ हुनु ।
- निर्धारित समयमा त्रि.वि. पनिकाबाट नतिजा प्रकाशन नहुनु ।
- QAA प्राप्त कलेज भए तापनि Self Sutainable Programs सञ्चालन गर्ने अनुमति नपाउनु ।

१६. ***कलेजका चुनौतीहरूको सामानाका लागि अपनाइने नीतिहरु :***

कलेजसामु विद्यमान विभिन्न चुनौतीहरुको उचित किसिमबाट सामना गर्नका लागि निम्नानुसारका कार्यहरु सम्पादन गरिने छ :

- कलेजका लागि नियमित आयस्रोत वृद्धि गर्न विभिन्न सरकारी, गैरसरकारी दातृनिकायहरुसँग सम्पर्क र समन्वय गरिनेछ ।
- यस क्षेत्रमा रहेका शैक्षिक संस्थाहरुका बिचमा स्वस्थ प्रतिस्पर्धाको वातावरण बनाउन नियमित अन्तर्क्रिया गरिने ।
- विद्यार्थी संख्या कम भएका विषयहरुलाई स्थगन गरिने र सो विषयका प्राध्यापकहरुलाई अर्को विषय अध्ययन गर्न चाहेमा अध्ययन विदामा पठाइने ।
- विद्यार्थीहरुको नतिजामा सुधार ल्याउन कमजोर विद्यार्थीहरुको पहिचान गरी अतिरिक्त कक्षा, परीक्षा तयारी कक्षा लगायत परामर्श कक्षालाई अझ प्रभावकारी गराउने ।
- प्राध्यापक तथा कर्मचारीहरुको कार्य क्षमता बढाउन पुनर्ताजगी तालिम तथा अनुसन्धान कार्यका लागि प्रोत्साहन गर्ने ।
- विद्यार्थीहरुलाई पुस्तकालयमा गई पढ्न र स्वाध्ययन गर्न प्रोत्साहन गर्ने ।

१७. कलेजका भावी कार्यक्रमहरु :

- विश्वविद्यालय अनुसन्धान आयोगबाट कलेजले QAA प्राप्त गरिसकेको हुनाले शैक्षिक गतिविधिलाई नतिजामुखी बनाउन विविध कार्यक्रमहरु सञ्चालन गर्ने ।
- NEHEP संग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्ने ।
- स्नातक तह तर्फ BBM, BIM र BA लगायत अन्य प्राविधिक तथा व्यावसायिक विषयका कार्यक्रम सञ्चालनका लागि पहल गर्ने ।
- उद्यामशीलता सहायता कार्यक्रम सञ्चालन गर्ने ।
- कलेजको सञ्चालन खर्च व्यवस्थापन गर्न सहज हुने गरी विद्यार्थीको शिक्षण शुल्क समायोजन गर्ने ।
- विद्यार्थीहरुले कलेज छोड्ने दरलाई कम गराउन विशेष कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने ।
- विषय विभागलाई अझ बढी क्रियाशील बनाउने ।

निष्कर्ष :

सामुदायिक कलेजहरु सञ्चालन गर्न निकै कठिन भइरहेको अवस्था छ । सरकारको अस्थिर शैक्षिक नीति समय समयमा सरकारले परिवर्तन गर्ने नीतिनियम, राजनैतिक हस्तक्षेप, शिक्षाक्षेत्रमा बढ्दो निजीकरण र त्यस प्रति जनमानसको आकर्षण जस्ता विषयले सामुदायिक कलेजहरु कठिन अवस्थामा गुज्रिरहेका छन् । सञ्चालक समिति, प्राध्यापक, कर्मचारी, विद्यार्थी एवम् अभिभावक विच समन्वयात्मक वातारण सिर्जना गरी कलेजको सर्वोपरि हितको निरन्तर चिन्तन एवम् विश्वविद्यालय, अन्य शैक्षिक संस्थाहरु, सरकारी एवम् गैरसरकारी संस्थाहरु, विभिन्न उद्योगपति व्यापारीहरु, समाजसेवी, शिक्षाप्रेमी एवम् दाताहरुसँग समन्वय स्थापना गरी कलेजको चौतर्फी विकासका लागि निरन्तर प्रयत्न गर्ने विश्वास दिलाउन चाहन्छु । यस कलेजले छोटो समयमा नै गरेको प्रगतिमा हामी सबैको अतुलनीय भूमिका रहेकोमा यस किसिमको भूमिका आगामी दिनहरुमा रहि। रहने अपेक्षा गर्दछु । साथै शिक्षा तथा समाजसेवाका क्षेत्रमा यस कलेजलाई योगदान दिने व्यक्तित्वहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

.....

दीपकप्रसाद गौतम

कलेज प्रमुख

भुवानीशंकर बहुमुखी कलेज

खैरहनी-६, चितवन

भुवानीशंकर बहुमुखी कलेज

खैरहनी नगरपालिका वडा नं. ६, खैरहनी, चितवन

लेखापरीक्षण प्रतिवेदन

(मिति २०८० श्रावण ०१ गते देखी मिति २०८१ आषाठ ३१ गते सम्मको)

आर.ए.मिष्टर बाबु घिमिरे

लेखापरीक्षक

नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाको व्य.ले.प्र.प.नं.१९८ , वर्ग घ

स्था.ले.नं. ३००९६९३२६

रत्ननगर, चितवन

भुवानीशंकर बहुमुखी कलेज

खैरहनी नगरपालिका वडा नं. ६, खैरहनी, चितवन

लङ्गफर्म लेखापरीक्षण प्रतिवेदन

(आ.व. २०८०/०८१)

(कलेज संस्थाको लेखापरीक्षण निर्देशिकासंग सम्वन्धित)

हामीलाई उपलव्ध गराइएको जानकारी, हामीबाट लेखापरीक्षणको सिलसिलामा भएको छड्के जाँच (Random Sampling Test) एवम् संस्थाको व्यवस्थापनद्धारा प्रमाणित गरी उपलव्ध गराइएको विवरण अनुसार कलेज विभागद्धारा जारी गरिएको कलेज संस्थाको लेखापरीक्षण निर्देशिका वमोजिमको लङ्गफर्म लेखा परीक्षण प्रतिवेदन देहाय वमोजिम रहेको व्यहोरा संस्थाका सदस्य महानुभावहरू लगायत नियामक निकायलाई जानकारी गराउँदछौं ।

१. **लेखापरीक्षण टोली**

१.१ प्रमुख तथा सदस्यहरु

प्रमुख : आर.ए. मिष्टर बाबु धिमिरे
सहायक : सविक सेढाई

१.२ स्वतन्त्रताको स्वघोषणा

- म **एम.धिमिरे एसोसियट्स**को प्रोप्राइटर आर.ए. मिष्टर बाबु धिमिरे भुवानीशंकर बहुमुखी कलेज खैरहनी नगरपालिका वडा नं. ६, खैरहनी, चितवनको लेखापरीक्षण गर्न आइक्यानद्धारा जारी पेशागत आचारसंहिता अन्य प्रचलित कानुन वमोजिम स्वतन्त्र र योग्य रहेको तथा कलेज ऐन २०७४ को दफा ७७ को उपदफा १ मा रहेका कुनै अवस्था विद्यमान नभएको घोषणा गर्दछु ।

- म सविक सेढाई, लेखापरीक्षण सहायक, भुवानीशंकर बहुमुखी कलेज खैरहनी नगरपालिका वडा नं. ६, खैरहनी, चितवनसँग कुनै स्वार्थ नरहेको,. सञ्चालक तथा व्यवस्थापकसँग कुनै नाता वा साझेदारी नरहेको र उक्त संस्थाको लेखापरीक्षण गर्न स्वतन्त्र र योग्य रहेको घोषणा गर्दछु ।

२. **लेखापरीक्षण पहुँच**

२.१. पालना गरिएका मानकहरु

- लेखापरीक्षणका सर्वमान्य पेशागत मानक तथा समय-समयमा प्रचलित कानून वमोजिम नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्धारा जारी गरिएका नेपाल लेखापरीक्षण मानहरु तथा पेशागत आचारसंहिता,

- विद्यमान कलेज ऐन, नियमावली तथा ती ऐननियमावली वमोजिम कलेज विभागबाट जारी गरिएका लेखापरीक्षणसम्बन्धी निर्देशिका २०७५ तथा समय-समयका परिपत्रहरु,

- नेपाल सरकारद्धारा जारी गरिएको सम्पत्ति शुद्धिकरण निवारणसम्बन्धी संस्थालाई जारी गरिएको निर्देशन,

- कर सम्वन्धी विद्यमान ऐन र आयकर ऐनमा पृथक व्यवस्था भएकोमा आयकर ऐन २०५८ (संशोधनसहित) तथा आयकर नियमावली (संशोधनसहित) का व्यवस्था पालना गरिएको,

२.२ लेखापरीक्षकीय जोखिमको लेखाजोखा तथा अपनाइएका अल्पीकरणका उपाय

- लेखापरीक्षणका जोखिमहरु जस्तै अन्तरनिहित जोखिम (Inherrent Risks), नियन्त्रण जोखिम (Control Risks) र औंल्याउन नसकिने जोखिम (Detection Risks) का कारण प्राप्त वित्तीय विवरणहरुले वित्तीय अवस्थाको शत् प्रतिशत यथार्थ चित्रण गर्दछन् भन्न गाह्रो हुने भए पनि वित्तीय विवरणले True and Fair View प्रस्तुत गर्दछ भन्ने सन्दर्भमा उचित आश्वसता (Reasonal Assurance) प्राप्त गर्नका लागि लेखापरीक्षकले लेखापरीक्षकीय जोखिमको मूल्याङ्कन गर्नु र तदनुसार लेखापरीक्षण योजना तर्जुमा र विधिको छनौट गर्नु आवश्यक छ । वित्तीय विवरण जालसाँजीको कारणले होस् या गल्तीको कारणले होस् सारभूत रुपमा गलत आँकडारहित छ भन्नका लागि गल्ती र जालसाँजीको जोखिमको लेखाजोखा र त्यसप्रति लेखापरीक्षकको प्रतिक्रिया नेपाल लेखापरीक्षण मान २४० (वित्तीय विवरणको लेखापरीक्षणमा जालसाँजी र गल्तीप्रति लेखापरीक्षकको दायित्व The Auditor's Responsibilities to Consider Errors and Fraud in Audit of Finnancial Statement), नेपाल लेखापरीक्षण मान ३३० (निर्धाति जोखिम उपर लेखापरीक्षको प्रतिक्रिया The Auditor's Responses to Assessed Risks) र लेखापरीक्षण मान ६१० (आन्तरिक लेखापरीक्षकको कार्यको उपयोग Using the Work of Internal Auditor) आधारमा गरिएको छ ।

- संक्षेपमा भन्दा जोखिम लेखाजोखाका लागि सञ्चालक समिति, ऋण उपसमिति, लेखासमिति, सल्लाहकारसँग लेखापरीक्षण शुरु गर्नुभन्दा अगाडि बैठक सम्पन्न गर्नुका साथै कर्मचारीहरुसँग पनि सूचना लिने कार्य गरियो । आन्तरिक नियन्त्रण प्रणाली भए नभएको, भएको भए वर्षभरि नै प्रभाकारी रहे नरहेको कुरा लेखा समितिको माइन्युट, सञ्चालक समितिको माइन्युट, संस्थाको कर्मचारी र सञ्चाकलको दायित्व र अधिकारको वर्गीकरण तथा कार्य लेआउटसमेतको मूल्याङ्कन गरियो ।

- नेपाल लेखापरीक्षण मान ३१५ (निकाय र यसको वातावरणको बुझाइबाट वित्तीय विवरण सारभूत रुपमा गलत हुनसक्नेजोखिमको पहिचान र निर्धारण Identifying and Assessing the Risk of Material Misstatement) गर्न सकिन्छ भन्ने कुरालाई आत्मसाथ गरी सो को अध्ययन गरियो । यसबाट लेखापरीक्षकीय जोखिमको तह र क्षेत्र पहिचान भए वमोजिम नेपाल लेखापरीक्षण मान २३० (लेखापरीक्षण योजना) अनुसार लेखापरीक्षण योजना तर्जुमा गरी नेपाल लेखापरीक्षण मान ५३० (Audit Sampling and Other Selective Testing Procedures) अपनाई आवश्यकता अनुसार Test Check or Subtantial Procedures बाट पर्याप्त उपयुक्त प्रमाण (Sufficient Appropriate Audit Evidence-NSA 500) का आधारमा वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहित भएको (Financial Statements are free from Material Misstatement) कुराको उचित आश्वसता (Reasonable Assurance: high but not absolute assurance) प्राप्त गरिएको छ । यस क्रममा ६ दिनको योजना भए पनि ५ दिन लेखापरीक्षणका लागि उपयोग भएको छ ।

२.३ नमूना तथा छनौट प्रक्रिया

- नेपाल लेखापरीक्षण मान ५३० (Audit Sampling and Other Selective Testing Procedures) को मूल मर्मलाई आत्मसाथ गरी लेखापरीक्षणका लागि मूलतः दैवाङ्क नमूना छनौट प्रक्रिया (Ramdom Sampling) अपनाइएको र संवेदनशील क्षेत्रको विस्तृत परीक्षण गरियो ।

२.४ विधिगत सीमा

- हामीलाई उपलब्ध गराइएकातथ्याङ्क तथा विवरणलाई सघनताको आधारमा वर्गिकरण गरी दैवाङ छनौट (Random Judgemental Sampling Method) को आधारमा लेखापरीक्षण गरिनु, उपयुक्त लागेका टेष्ट चेक (Test Check) को आधारमा पनि लेखापरिक्षण गरिनु वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छनौट परीक्षण गरिनु ।

- संस्थाले अवलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतीकरणको समग्र स्थितिको मूल्याङ्नका लागि लेखापरीक्षकको Judgement का आधारमां आवश्यकता महसूस भए अनुसार तथ्याङ्को विश्लेषण तथा अनुमान गरिनु ।

- नेपाल लेखामान अनुरुप यथार्थ र उचित स्थितीको चित्रण गर्ने वित्तिय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी जस अन्तरगत सारभूत किसिमले त्रुटीरहित वित्तीय विवरण, चाहे जालसाजी वा गल्तीबाट होस्, तयार गर्नेसम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन गर्ने कार्य, लेखानीतिहरुको छनौट तथा कार्यान्वयन एवं परिस्थिति अनुसार लेखासम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन्, व्यवस्थापनको हुनु ।

- संस्थाले पुरा गर्नुपर्ने कानुनी दायित्व पुरा गरे नगरेको, कारोबारलाई पुष्ट्याई गर्न आवश्यक कागजात जम्मा गरे नगरेको आदि विषय लेखापरीक्षणको दायरामा ल्याइएको भए पनि संस्थाले तयार गरेको वित्तीय विवरणहरुले संस्थाको समुचित (true and fair) वित्तीय अवस्था प्रतिबिम्बित गर्छ या गर्दैन भन्ने कुरामा आफ्नो राय व्यक्त गर्ने उद्देश्यले लेखापरीक्षण सम्पन्न गरिने हुनाले संस्थासँग सम्बन्धित हरेक कुरालाई हामीले लेखापरीक्षणमा संलग्न नगरी मुख्यतः वित्तीय विवरणलाई असर पार्न सक्ने लेखासंग सम्बन्धित विषयहरुलाई यस लेखापरीक्षणमा समावेश गरिएको छ । लेखापरीक्षणका प्रमूख सीमाहरु निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गर्न सकिन्छ ।

- वित्तीय विवरणलाई असर पार्न सक्ने लेखासँग सम्बन्धित विषयहरुलाई मात्र मूलभुतरुपमा लेखापरीक्षणमा संलग्न गरिनु ।

- आ.व. २०८०/०८१ मा भए गरेका कारोबारहरुको मात्र अध्ययन गरी यो प्रतिवेदन तयार गरिनु र सो भन्दा अघि या पछिका कारोबार या विवरणलाई संलग्न गर्न नसक्नु ।

- समय र साधन स्रोतको निश्चित परिधिभित्र रहेर काम गर्नुपर्ने भएकाले छनौट सिद्धान्तका आधारमा आर्थिक कारोबारको अध्ययन गरिएकाले शत् प्रतिशत कारोबारको अध्ययन नहुनु र संस्थाको अन्य व्यवस्थापकीय क्षेत्रहरुको विस्तृत अध्ययन यस प्रतिवेदनमा संलग्न नहुनु ।

- लेखापरीक्षणका जोखिमहरु जस्तै अन्तरनिहित जोखिम (Inherrent Risks), नियन्त्रण जोखिम (Control Risks) र औंल्याउन नसकिने जोखिम (Detection Risks) का कारण प्राप्त वित्तीय विवरणहरुले वित्तीय अवस्थाको शत् प्रतिशत यथार्थ चित्रण गर्दछन् भन्न गाह्रो हुनु ।

- व्यवस्थापनले उपलब्ध गराएका विवरणहरुका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको हुनाले ती विवरणहरुको विश्वसनियता र यथार्थतामा हामीले आफ्नो राय व्यक्त गर्नु साथै अधिकांश आर्थिक कारोबारका प्रमाणहरु सर्व स्वीकार्य (Pervasive) नभएर विश्वास गर्नुपर्ने खालका (Conclusive) हुनु ।

३. कार्ययोजना कार्यान्वयनमा टिप्पणी

३.१ व्यवस्थापकीय सहयोग

लेखापरीक्षणका शिलशिलामा संस्थाको सञ्चालक समिति, लेखा लगायतबाट प्राप्त गर्नुपर्ने कागजात, सूचना, स्पष्टीकरण तथा अन्य सहयोग सन्तोषजनक रुपमा प्राप्त भयो ।

३.२ अभिलेखको पर्याप्तता

M. GHIMIRE ASSOCIATES, Ratnanagar-13, Chitwan

कागजात तथा अभिलेखहरु चेक गर्ने तथा सदर गर्ने क्रममा केही प्रक्रियागत छुटफुट तथा कमीकमजोरी भएको भए पनि तयार गरिएको वित्तीय विवरणलाई पुष्टि गर्न आवश्यक अभिलेखहरु संस्थाले तयार गरी सुरक्षित राखेको पाइयो ।

४. **नगदको सुरक्षा**

- नगद मौज्दात सीमा समितिले तोकेको छ /छैन : छ । नगद रकम दैनिक रुपमा बैंकमा दाखिला हुने गरेको ।

५. **आन्तरिक लेखापरीक्षण** (आन्तरिक लेखापरीक्षकको व्यवस्था, आन्तरिक लेखापरीक्षणको नियमितता, लेखा सुपरिवेक्षण समितिको प्रभावकारीता) :

आन्तरीक लेखापरीक्षकको छुट्टै व्यवस्था नभएको तर लेखा सुपरिवेक्षण समय समयमा हरहिसाव हेर्ने, निर्णय गर्ने तथा सञ्चालक बैठकमा आवश्यकता अनुसार छलफल हुने गरेको । लेखा समितिले अझ प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ ।

६. **आन्तरीक नियन्त्रणको पर्याप्तता** (यस भागका माथिका बुंदासमेतको लेखाजोखाका आधारमा संस्थाको सुशासनको आधारभूत सर्तका रुपमा आन्तरिक नियन्त्रणको अवस्थामा राय) :

संस्थाको छुट्टै सुसासन नीति निर्माण गरिएको छ/छैन । यस संस्थाको आन्तरिक नियन्त्रण प्रणाली खासै कमजोर नभए तापनि आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

७. **खर्च**

बजेटद्वारा निर्देशित खर्च प्रणाली, गरिएको, अनुमानित र बास्तविकको समीक्षा गञ्चालक समितिको बैठकद्वारा समयसमयमा आवश्यक छलफलपश्चात अनुमोदन, विगत र वर्तमानका खर्चको तुलना तथा मितव्ययिता, औचित्यता र पारदर्शितालाई ध्यानमा राखी खर्च गर्ने गरिएको ।. बजेट भन्दा अधिक भएको खर्चलाई आगामी साधारण सभाद्वारा अनुमोदन गराउनुपर्ने देखिन्छ ।

८: **आयब्ययमा सुव्यवस्था** :

आम्दानी खर्च बजेटद्वारा निर्देशित गरिएको, आयव्ययसम्बन्धमा अपेक्षित र उपलब्धिको समीक्षा गर्ने परिपाटी भएको एवं सानातिना बाहेक खर्च गर्दा सञ्चालक समितिको बैठकद्वारा निर्णय गर्ने गरिएको साथै मितव्ययिता, औचित्यता र पारदर्शितालाई कलेजले अवलम्बन गरेको हुनाले आयव्ययमा सुशासनको प्रयास भएको देखिन्छ ।

९. **लेखापालन**

संस्थाले कलेज ऐन नियमले तोके बमोजिमका लेखा राख्ने खाता पर्ल्स प्लस सफ्टवेयरमा राखेको छ । दोहोरो लेखाप्रणालीमा लेखा रहेको छ ।

१०. **साधारण सभाको स्वीकृती**

साधारणसभाको काम, कर्तव्य र अधिकारको पालना भएको देखिन्छ तर लेखापरीक्षक नियुक्त गर्ने र पारिश्रमिक तोक्ने अधिकार भने साधारण सभाले ३ जना लेखापरीक्षकहरु तोकी निजहरुमध्ये कुनै एकलाई नियुक्ति गर्ने अधिकार सञ्चालक समितिलाई हस्तान्तरण गरेको पाइयो ।

११. **सम्पत्ति शुद्धिकरण निवारणसम्बन्धी कलेज संस्थाहरुलाई दिएको निर्देशन २०७४ को पालना**

यसको सन्दर्भमा कार्यहरुतर्फ कार्यान्वयन भएको देखिदैन ।

१२. **व्यवस्थापन सूचना प्रणालीमा प्रतिवेदन**

संस्थाले मूलतः आर्थिक कारोवारहरुको अभिलेखन र प्रतिवेदनका लागि सफ्टवेयरको उपयोग गरेको छ, एकीकृत व्यवस्थापन सूचना प्रणालीको उपयोग गरेको छ । निर्णय प्रक्रियाका लागि आवश्यक सूचानाका लागि संस्थाले सफ्टवेयरबाट प्राप्त सूचना र म्यानुअल रेकर्डबाट उपलब्ध सूचना उपयोग गर्ने गरेको छ । सूचनाको आवद्धता, अद्यावधिकरण र तथ्याङ्कीय अन्तर आदिका लागि संस्थाले सूचना प्रणालीमा विशेष ध्यान दिन आवश्यक छ ।

१३. **परिपालना प्रभावकारिता**

संस्थाले ऐनका व्यवस्थाहरु र नियामक परिपालनांसम्बन्धी विषयवस्तुहरु सामान्यतः पालना गरेको कारणले संस्थाको कारोवार वृद्धिसँगै संस्थागत छवि पनि उच्च रहेको देखिन्छ ।

१४. **खास लेखा परीक्षकीय विषयवस्तु** (Key Audit Matter : KAM)

अन्तर्राष्ट्रिय लेखापरीक्षणमान ७०१ - ISA 701 : Communicating Key Audit Matters in the Independent Auditor's Report स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदनमा खास लेखा परीक्षकीय विषयवस्तुको सञ्चार) वमोजिम लिस्टेड कम्पनीको वित्तीय विवरणको लेखापरीक्षणमा, लेखापरीक्षकलाई यस्ता विषयवस्तु सञ्चार गर्न उपयुक्त लागेको अन्य अवस्थामा अन्य निकायको र कानून वा नियमावलीले निर्देश गरेकोमा लेखापरीक्षकले KAM प्रस्तुत गर्नु पर्दछ । Key Audit Matters भन्नाले लेखापरीक्षकको व्यावसायिक ठम्याइ (Professional Judgement) अनुसार चालु वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा अन्यन्त महत्वपूर्ण (Most Significant) लागेका विषयवस्तु भन्ने बुझिन्छ ।

